वेवसाइट: www.uttargayamun.gov.np
इमेल: uttargayarm@gmail.com

# उत्तरगया गाउँपालिका

(Uttargaya Rural Municipality)

# गाउँ कार्यपालिकाको कार्यालय

(Office of Rural Municipal Executive)

लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)

बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.स(Ref. No.)२०८१/०८२

सू.नं. (Dispatch No.):

मितिः२०८१/०५/०९

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१।०५।०९**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत उत्तरगया गाउँपालिकाको रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पदमा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस उत्तरगया गाउँपालिकाको कार्यालयमा देहायका कागजात सहित दरखास्त आह्वान गरिन्छ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०२/२०८१/८२ | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौं तह सरह | १(एक) | ५००। |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,
२. दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको,
३. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,
४. **दरखास्त दिने स्थानः** उत्तरगया गाउँपालिकाको कार्यालय, लहरेपौवा, रसुवा।
५. **दरखास्त दिने अन्तिम मितिः** २०८१/०५/२३(दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र)
६. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र प्रयोगात्मक परीक्षा,
७. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, तालिमको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सोको कागजातको प्रमाणित प्रतिलिपि, राजस्व दाखिला गरेको भौचरको प्रतिलिपि र २ प्रति पासपोर्ट साईजको फोटो। **(संलग्न गरिएका प्रमाणपत्रको प्रतिलिपिहरु आवेदक स्वंयमले प्रमाणित गरेको हुनुपर्ने)**
८. **सेवा सुविधा तथा अन्यः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।
९. **पाठ्यक्रमः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ अनुसूची-६ बमोजिम हुनेछ।

**नोटः** दरखास्त फाराम यस कार्यालयको वेवसाइट मार्फत प्राप्त गर्न सकिनेछ। दरखास्त दस्तुर रकम उत्तरगया गाउँपालिकाको हिमालयन बैंकमा रहेको आन्तरिक राजस्व खातामा (०४४०७७४१२८००१९) वा गाउँपालिकाको राजस्व शाखामा दाखिला गरेको हुनुपर्नेछ।

२०८१/०५/०९

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत